संसारका मजदुरहरु - एक होऔं !
Workers of the world, unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !
Long Live Marxism -Leninism -Maoism !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
# Communist Party of Nepal (Maoist Centre)

केन्द्रीय कार्यालय
Central Office

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय समिति
Central Committee
Communist Party of Nepal (Maoist Centre)

पत्र संख्या :
चलानी नं. :

## नयाँ वर्षको शुभकामना

नयाँ वर्ष २०७८ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुस्वास्थ्य, दीर्घायू र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु । नयाँ वर्षसँगै नेपाली जनतामा जोश, जाँगर र सिर्जनाको अभिवृद्धि भई मुलुकको आर्थिक विकास र समृद्धिका लागि प्रतिगामी सोच र प्रवृत्ति विरुद्ध लड्ने सामर्थ्य पैदा हुनेछ भन्ने विश्वास लिएको छु ।

दुई ठूला कम्युनिष्ट पार्टीहरु बीचको एकताबाट निर्माण हुने शक्तिले देशलाई नेतृत्व गर्ने, जनतालाई सामाजिक न्याय र आत्मसम्मान दिने र राष्ट्रिय एकता कायम गर्दै विकास, निर्माण र उत्पादन वृद्धिको अभियान चलाउने भन्ने हामीले सपना देखेका थियौं । नेपाली जनताको आकांक्षा र पार्टी नेतृत्वको दुरगामी सोचका कारण कम्युनिष्ट पार्टीहरु बीच एकता कायम भएको हो । कम्युनिष्ट पार्टी बीचको एकतालाई प्रतिगामी प्रतिक्रियावादीहरुले षडयन्त्रमूलक ढंगले विभाजन गरे । प्रतिगामी प्रतिक्रियावादीको त्यस प्रकारको षडयन्त्रलाई निस्तेज गर्न कम्युनिष्ट आन्दोलनको एकताको झण्डालाई फेरि पनि माथि उठाउँदै अग्रगामी क्रान्तिकारी वाम ऐक्यवद्धताका लागि हार्दिक अपील गर्दछु ।

प्रतिक्रियावादी षडयन्त्र चकनाचुर पार्न, देशलाई अग्रगतिमा लैजान र जनताको विकास र समृद्धिको आकांक्षा पुरा गर्न नयाँ सरकार गठन अपरिहार्य भएको छ । प्रतिगामी कदम विरुद्ध संघर्षरत सबै पक्षहरुलाई संघर्षका निम्ति मोर्चा बनाई एकतावद्ध पहलकदमीका साथ नयाँ सरकार निर्माणका लागि एकजुट हुन आव्हान पनि गर्दछु ।

अबको हाम्रो समाजवाद कस्तो हुने, यसको अर्थनीति र राजनीति कस्तो हुने र राज्य संरचना कस्तो हुने भन्ने प्रश्नको जवाफ हामीले दिनुपर्ने भएको छ । वर्ग संघर्ष, उत्पादनका निम्ति संघर्ष र वैज्ञानिक प्रयोग जस्ता समाज विकासका नियमहरुलाई आत्मसाथ गर्दै बिचारको विकास गर्न पनि उत्तिकै आवश्यक छ । कृषि, उद्योग र अन्य व्यवसायलाई समाजवादी स्वरुप दिने भन्ने योजना र अभियान सञ्चालन गर्दै सूचनाप्रविधिमा आएको विकासलाई उत्पादन र वर्गसंघर्षका निम्ति व्यवहारिक प्रयोग गर्ने सोच र संस्कृति नेपाली मौलिक समाजवादको आधार बन्न सक्छ ।

नयाँ वर्षले नेपाली मौलिकता सहितको समाजवादको लक्ष्यमा नयाँ उत्साह, उमंग र हौसलाका साथ अघि बढ्न प्रेरणा प्रदान गरोस् भन्दै विभिन्न समुदायमा रहेका सम्पूर्ण नेपाली जनसमुदायबीच एकआपसमा भाइचारा र घनिष्ठता अभिवृद्धिको शुभेच्छा सहित उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

*०१ बैशाख, २०७८*

..................................................
**पुष्पकमल दाहाल ‘प्रचण्ड’**
**अध्यक्ष**

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, ४६०२२८८, फ्याक्स : ९७७-१-४६०२२८९
Email : cpnmcentre@gmail.com, Website : www.ucpnmcentre.org